कोशी प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

विराटनगर, नेपाल।

पत्र संख्याः
चलानी नं.

मितिः २०८२।०७।१९

<u>विषयः घरभाडामा लिने सम्बन्धी सार्वजनिक सूचना</u>

<u>प्रकाशित मितिः २०८१।०७।१९</u>

उपर्युक्त विषयमा यस मन्त्रालयमा कार्यरत महाशाखा प्रमुख उपसचिवज्यूको आवास प्रयोजनको लागि तपशिलमा उल्लेख भए बमोजिमको घर भाडामा लिनु पर्ने भएको हुँदा इच्छुक घरधनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र घर भाडा सहितको निवेदन पेस गर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपशिल</u>

१. घर आवश्यक भएको क्षेत्र वा स्थानः
- विराटनगर महानगरपालिका क्षेत्रभित्र

२. घरको प्रकृति क्षेत्रफल र क्षेत्रः
- घर आरसिसि ढलान गरेको पक्की हुनुपर्नेछ।
- कम्तिमा १ फ्लाट (फ्लाटमा ३ कोठा, १ सौचालय र १ किचेन) भएको हुनु पर्नेछ।
- कम्तिमा १ वटा चारपाङ्ग्रे सवारी र केही मोटरसाइकल पार्किङ स्थल भएको हुनु पर्नेछ।
- खानेपानी विजुली र ढलको राम्रो व्यवस्था भएको हुनु पर्नेछ।

३. घरको भाडा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिमको घरभाडा निर्धारण समितिले निर्धारण गरेबमोजिम हुनेछ।

४. घरधनीले पेस गर्नुपर्ने कागजातहरूः
- घर भाडामा दिने सम्बन्धी निवेदन
- घरधनीको नागरिकताको प्रतिलिपि
- घरधनीको जग्गाधनी पूर्जाको प्रतिलिपि
- घरजग्गाको तिरो तिरेको रसिद
- घरनक्सा पास गरेको कागजातको प्रतिलिपि
- अन्य आवश्यक विवरण

५. घरभाडा भुक्तानी लगायतका अन्य सर्तहरू सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन्।